(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

सिम्ता गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१ संख्या :३ मिति :२०७५/१/८

**भाग-१**

**सिम्ता गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न सिम्ता गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम सिम्ता गाउँकार्यपालिकाको मिति २०७४/१०/१५ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

आज्ञाले,

जनकबहादुर हमाल

प्रमुख प्रशासकीय अधिकृत

(दफा ४ तथा अनसूची(१ को भाग(२ सँग सम्बन्धित)

सिम्ता गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१ संख्या :३ मिति :२०७५/१/८

**भाग-२**

**गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सिम्ता गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम सिम्ता गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन सिम्ता गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले सिम्ता गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले सिम्ता गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “सिम्ता गाउँपालिका” भन्नाले सिम्ता गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सिम्ता गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सिम्ता गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४.<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:</u>** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही सिम्ता गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
जनकबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत